नेपाल सरकार
शिक्षा मन्त्रालय

# बुलेटिन

तेस्रो चौमासिक BULLETIN

२०७० चैत्र - २०७१ जेठ वर्ष १ अङ्क ३ Year 1 Issue 3 March-July 2014

## प्रकाशकीय

आ.व. २०७०।७१ मा शिक्षा मन्त्रालयले निजामति सेवा ऐन, २०४९ को दफा २४ घ १ को प्रावधान बमोजिम बढुवा भएका कर्मचारीहरुको पद स्थापना तथा समायोजन गर्न निजामति सेवा ऐन, (तेस्रो संशोधन) अध्यादेश, २०६९ मा व्यवस्था भएबमोजिम शिक्षा मन्त्रालय अन्तर्गतका सेवा समूहका निजामति कर्मचारीहरुको पदस्थापना र समायोजन कार्य सम्पन्न गऱ्यो । बढुवा हुने कर्मचारीहरुको सङ्ख्याभन्दा दरबन्दी कम रहेको अवस्थामा पदस्थापना तथा समायोजन गर्नु पर्दा पद अनुसारको कार्य जिम्मेवारी, कार्य बोझ र तद्नुरुप सेवा सुविधा उपलब्ध गराउन मन्त्रालयको तत्कालिन संरचनाभित्र सम्भव नभएको र तल्ला पदमा रहेका कर्मचारीहरु बढुवा भई उपल्लो पदमा जाँदा तल्ला पद खारेज हुने ऐनका प्रावधानका कारण अधिकांश तल्ला पदमा काम गर्ने कर्मचारीको अभाव भई शैक्षिक सेवा प्रवाहमा नकरात्मक असर समेत परेको देखिएकाले नेपाल सरकार, शिक्षा मन्त्रालयको मिति २०७० चैत्र ३० गतेको (माननीय मन्त्रीस्तर) को निर्णय अनुसार शिक्षा मन्त्रालय र अर्न्तगतका निकायहरुको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका लागि शैक्षिक जनशक्ति विकास केन्द्रका कार्यकारी निर्देशक श्री खगराज बरालको संयोजकत्वमा अर्थ मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधिहरु सदस्य रहने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन भएको थियो । उक्त समितिलाई सहयोग गर्न शिक्षा मन्त्रालयका सहसचिव हरिप्रसाद लम्सालको संयोजकत्वमा शिक्षा मन्त्रालय अन्तर्गतका कर्मचारीहरु राखी एक प्राविधिक समितिको गठन समेत भयो । त्यसपछि यी समितिहरुले विभिन्न विधि र कार्य प्रक्रिया अपनाई आफ्नो कार्य गरिरहेका छन् ।

नेपाल संघीय स्वरुपमा पुनर्गठन हुन लागेको र दोस्रो संविधान सभाले छिट्टै नै यसको आकार प्रदान गर्ने सन्दर्भ समेतलाई दृष्टिगत गरी नेपालको शिक्षा प्रणालीका सन्दर्भमा जनस्तरबाट उठी रहने आवाज र टिका टिप्पणीलाई सम्बोधन गर्न सरोकारवालाको नजिकमा प्रभावकारी शैक्षिक सेवा प्रवाह सुनिश्चित हुने व्यवस्था स्थापित गर्न शिक्षा मन्त्रालयले गठन गरेका संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति र प्राविधिक समितिले पेश गर्ने राय सुझाव तथा सिफारिस र त्यसको कार्यान्वयनले अवश्य शिक्षा मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुको प्रभावकारी व्यवस्थापन भई शैक्षिक सेवाका लक्ष्य तथा उद्देश्य हासिल गर्न सफल हुने छ भन्ने अपेक्षा गरिएको छ ।

## यसभित्र

**युनेस्को निमित्त नेपाल राष्ट्रिय आयोगको २६ औं महाधिवेशन सम्पन्न** २

**शिक्षा मन्त्रालयका शाखागत गतिविधि** ३

१. कानुन तथा फैसला कार्यान्वयन शाखा
२. मानव संशाधन विकास तथा परिवर्तन व्यवस्थापन शाखा
३. वैदेशिक सहायता समन्वय शाखा
४. सूचना समन्वय शाखा
५. विद्यालय सम्पत्ति व्यवस्थापन शाखा
६. जनगुनासो व्यवस्थापन शाखा
७. शासकीय सुधार तथा निरीक्षण शाखा
८. युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय

**अध्ययन, अनुसन्धान तथा भ्रमण प्रतिवेदन मलेसियाको शिक्षा प्रणाली र संरचना** ६

**वैदेशिक अध्ययनमा जान चाहने विद्यार्थीहरूका लागि अत्यन्त जरूरी सूचना** ८

# युनेस्को निमित्त नेपाल राष्ट्रिय आयोगको २६ औं महाधिवेशन सम्पन्न

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको २६ औं महाधिवेशन यही २०७१ आषाढ ३१ गते युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको डकुमेटेशन हलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा युनेस्को आयोगका अध्यक्ष, महासचिव एवं सदस्यहरू, शिक्षा मन्त्रालय र अन्तर्गतका विभागीय प्रमुखहरू लगायतका प्रतिनिधिहरू, परराष्ट्र मन्त्रालयका प्रतिनिधि, संस्कृति मन्त्रालयका एवं युनेस्को सचिवालयका कर्मचारीहरूसमेतको सहभागिता थियो ।

बिहान ११:०० बजे शुरू भएको उक्त कार्यक्रमलाई उद्घाटन सत्र तथा महाधिवेशनको पूर्ण बैठक (बन्द सत्र) गरी दुई भागमा बाँडिएको थियो ।

माननीय शिक्षा मन्त्री एवम् युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका अध्यक्ष श्री चित्रलेखा यादवज्यूको अध्यक्षतामा शुरू भएको उद्घाटन सत्रमा श्रीमान् शिक्षा सचिव एवं युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका महासचिव श्री विश्वप्रकाश पण्डितज्यू, सहायक महासचिवज्यू तथा नेपालका लागि युनेस्कोका प्रतिनिधि एवं युनेस्को काठमाडौका प्रतिनिधि समेत अतिथीको रूपमा आसिन हनुहुन्थ्यो । प्रमुख अतिथीज्यूबाट पानसमा बत्ती बाली कार्यक्रमको उद्घाटन भएको थियो भने श्रीमान् शिक्षा सचिव एव युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका महासचिवज्यूबाट कार्यक्रमका प्रमुख अतिथी, अन्य अतिथीहरू एवं सदस्य लगायत आमिन्त्रत सबैलाई स्वागत गर्नु भएको थियो । कार्यक्रमको सफलताको शुभकामना मन्तव्यका क्रममा युनेस्को सम्बद्ध मन्त्रालयहरूसँगको अन्तरसम्बन्ध तथा युनेस्को राष्ट्रिय आयोगको स्वायत्तता सम्बन्धमा आफ्ना विचारहरू राख्नु भएको थियो ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सहायक महासचिव श्री सुशील पाण्डेयज्यूले विगत दुई वर्षमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगबाट भए गरेका कार्यको प्रगति विवरण प्रस्तुत गर्नुभयो ।

यसैगरी कार्यक्रमका अध्यक्ष तथा माननीय शिक्षा मन्त्री एवं युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका अध्यक्ष श्री चित्रलेखा यादवज्यूले धन्यवादसहित उद्घाटन सत्र समापन गर्नु भएको थियो ।

कार्यक्रमको दोश्रो भाग बन्द सत्रको रूपमा अघि बढेको थियो । यस सत्रको शुरूआत युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयका सचिव श्री ध्रुवराज रेग्मीको प्रस्तुतीबाट भएको थियो । उहाँले युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको वर्तमान अवस्था र प्रस्तावित कार्य ढाँचा सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो जसअन्तर्गत युनेस्कोका आदर्श, पृष्ठभूमि, उद्देश्य, वर्तमान अवस्था, वर्तमान चुनौतीहरू र भावी कार्यदिशा जस्ता विषयवस्तुहरू समावेश थिए ।

सचिवालयका सचिवको प्रस्तुती पश्चात् आयोग अन्तर्गतका पाँच ओटा विषय समितिहरूको तर्फबाट समिति संयोजक वा सदस्यहरूको प्रस्तुती रहेको थियो । आफ्नो समितिले गरेका कार्यहरूको विवरण उक्त समितिका संयोजक वा सदस्यबाट प्रस्तुत भएको थियो ।

यसपछि आयोगका सहायक महासचिवज्यूबाट छलफलका क्रममा केही सान्दर्भिक जिज्ञासा सहितको समाधान क्रममा केही स्पष्टीकरण दिनुभएको थियो ।

माननीय शिक्षा मन्त्री एवं आयोगका अध्यक्ष श्री चित्रलेखा यादवज्यूको अध्यक्षतामा समापन कार्यक्रम सम्पन्न भएको थियो । समापनका क्रममा उहाँले आयोगबाट भए गरेका कामप्रति सन्तुष्टी व्यक्त गर्नु भएको थियो । सुझावका क्रममा आयोगको आर्थिक पक्षका सम्बन्धमा इमान्दारिताका साथ काम गर्दै जानु पर्छ, बजेटको व्यवस्था कुनै न कुनै रूपमा प्राप्त गर्न सकिने कुरा समेत उहाँले व्यक्त गर्नु भएको थियो । उहाँको आशावादी मन्तव्यका साथ महाधिवेशन सम्पन्न भएको थियो ।

**महाधिवेशनबाट पारित प्रस्तावहरू**

१. युनेस्कोको ३७ औं महाधिवेशनमा युनेस्कोको कार्यकारिणी समितिको २०१३ -२०१७ अवधिका लागि भएको निर्वाचनमा नेपालले सदस्य पदका लागि दिएको उम्मेदवारीमा कूल खसेको १८५ मत मध्ये १४४ मत प्राप्त गरी विजय हासिल गरेको सन्दर्भमा नेपाललाई समर्थन गर्ने सम्पूर्ण सदस्य राष्ट्रहरू र निर्वाचनमा नेपालको पक्षमा समर्थन जुटाउन विशेष योगदान पुऱ्याउने फ्रान्सस्थित नेपाली राजदूतावास तथा युनेस्कोका लागि नेपालका स्थायी प्रतिनिधि, युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय र यस कार्यमा सहयोग पुऱ्याउने अन्य निकाय तथा व्यक्तिहरूलाई हार्दिक धन्यवाद दिँदै निर्धारित कार्यकालभित्र कार्यकारीणी समितिमा सशक्त उपस्थितिसहित नेपालले आफ्नो पहिचान र गरिमा अझ बढोत्तरी गर्न सकोस् भन्ने शुभकामना व्यक्त गरियो ।

२. कार्यकारिणी समितिले सचिवालयको कार्य प्रभावकारिताका लागि अन्तरमन्त्रालय समन्वय र सहकार्य प्रवर्द्धनका लागि गरेको पहललाई पुर्नबल प्रदान गर्दै निरन्तरता दिने ।

३. दिगो विकासका लागि शिक्षाको सुनिश्चितता, मूर्त/अमूर्त साँस्कृतिको संरक्षण तथा प्रवर्द्धन, विज्ञान र प्रविधिको व्यापक उपयोग, सामाजिक सौहार्दता वृद्धिका लागि संवाद, क्षमता विकासका अवसरको खोजी तथा उपयोग, उत्कृष्ट प्रयोगहरूको प्रचारप्रचार तथा पूनरावृत्ति, कार्यमूलक अनुसन्धानजस्ता कार्यहरूलाई प्राथमिकता दिई आन्तरिक र वाह्य स्रोत तथा अवसरको खोजी र उपयोग जस्ता कार्यहरूलाई निरन्तरता दिने ।

४. सचिवालयले अन्य मुलुकका युनेस्को आयोगसँगको सहकार्यलाई बढावा दिन विशेष कार्यक्रम तय गरी कार्यान्वयन गर्ने ।

५. युनेस्को र सम्बद्ध निकायहरुबाट क्षमता विकासका लागि प्राप्त हुने अवसरहरूको उपयोग गर्दा सम्बन्धित कार्यक्रमसम्बद्ध विषयमा कार्यरत कर्मचारीहरू र विशेषज्ञ महानुभावलाई सहभागी गराई सम्बन्धित विषय क्षेत्रमा युनेस्को भिजिविलिटी अभिवृद्धि हुने सुनिश्चिततालाई प्राथमिकता दिने ।

६. भावी कार्य दिशा अन्तर्गत क्षेत्रगतरूपमा उल्लेख गरिएका कार्यहरूका लागि आवश्यक पर्ने स्रोत र साधनको व्यवस्थाका लागि नेपाल सरकारलाई अनुरोध गर्ने ।

# शिक्षा मन्त्रालयका शाखागत गतिविधि

## १. कानुन तथा फैसला कार्यान्वयन शाखा

यस शाखाले तेस्रो चौमासिक अवधिमा निम्न कार्यहरु सम्पादन गरेको थियो :

क) विद्यालयहरूको सामाजिक परीक्षण (Social Audit) गर्ने सम्बन्धी निर्देशिका (पहिलो संशोधन २०७१ सहित) २०६५ लाई परिमार्जन

ख) मिति २०७१ बैशाख २३ गते नेपाल राहत शिक्षक केन्द्रीय सङ्घर्ष समितिले २०७०।१२।२९ गते पेस गरेको मागका सम्बन्धमा समितिको वार्ता टोली र शिक्षा मन्त्रालयका सहसचिवको नेतृत्वको टोलीबिच वार्ता भई निम्नानुसार हुने गरी सहमति कायम भएको:

१) शिक्षा ऐन तथा शिक्षक सेवा आयोग नियमावली संशोधनका क्रममा शिक्षक शब्दको परिभाषामा राहत शिक्षकसमेतलाई समेटेर शिक्षक शब्दलाई पुन: परिभाषित गर्न सिफारिस गर्ने ।

२) शिक्षक अनुदान कोटा (राहत) थप गर्न शिक्षा मन्त्रालयमा सिफारिस गर्ने ।

३) शिक्षक अनुदान कोटा (राहतमा) कार्यरत शिक्षकको रू. १००० विशेष भत्ता र नेपाल सरकारले घोषणा गरेको दुर्गम भत्ता उपलब्ध गराउने प्रक्रिया शिक्षा मन्त्रालयले अगाडि बढाइसकेको हुनाले उक्त प्रक्रियालाई आर्थिक वर्ष २०७०।७१ को अन्त्य सम्ममा टुङ्गोमा पुऱ्याउने ।

४) नेपाल राहत शिक्षक केन्द्रीय संघर्ष समितिले घोषणा गरेको आन्दोलन फिर्ता गर्ने ।

ग) सर्वोच्च अदालत र अन्य अदालतबाट २०७१ जेष्ठ मसान्तसम्म भएका फैसला र ती फैसला कार्यान्वयनको अवस्थाको विवरण सहित फैसला कार्यान्वयन सम्बन्धी वार्षिक प्रतिवेदन २०७० प्रकाशित ।

घ। हालसम्मको सर्वोच्चबाट र अन्य अदालतबाट भएको उत्प्रेषणको आदेश संख्या-२९, परमादेशको आदेश संख्या ११ , उत्प्रेषण र परमादेश समेत १७ को अभिलेखीकरण गरेको ।

## २. मानव संशाधन विकास तथा परिवर्तन व्यवस्थापन शाखा

शिक्षा मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका लागि गठित समितिले राय सुझाव सङ्कलन गर्ने सन्दर्भमा शिक्षा मन्त्रालयको सभाहलमा शिक्षा मन्त्रालयका कर्मचारीहरुको उपस्थितिमा बैठक एवम् अन्तरक्रिया कार्यक्रम आयोजना गरेको । त्यसै गरी सानोठिमी ब्लकमा रहेका शिक्षाका कर्मचारीहरुको सहभागितामा अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिएको । शिक्षा मन्त्रालय अन्तर्गतका कर्मचारीका संघ संगठनहरु लगायत शिक्षाका सरोकारवालाहरुसँग राय सुझाव संकलन गरिएको ।

केन्द्रदेखि जिल्ला तहसम्मको कार्यबोझका आधारमा सङ्गठनात्मक सर्वेक्षण गर्न माननीय मन्त्रीस्तरीय मिति २०७०।१२।३० को निर्णयबाट सहसचिव खगराज बरालको संयोजकत्वमा सामान्य प्रशासन र अर्थ मन्त्रालयका प्रतिनिधि सहित तिन सदस्यीय संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति र मूल समितिलाई सहयोग पुऱ्याउन सहसचिव हरिप्रसाद लम्सालको संयोजकत्वमा पाँच सदस्यीय प्राविधिक समिति गठन भई कार्यप्रारम्भ भइसकेको र यस मन्त्रालयको कार्य प्रकृति, कार्यबोझ र सङ्गठनात्मक स्वरूपमा परिवर्तनका लागि कार्य गर्दै आएको ।

## ३. वैदेशिक सहायता समन्वय शाखा

विकास साझेदार (DPS) समेतको सहभागितामा विद्यालय क्षेत्र सुधार कार्यक्रमको संयुक्त वार्षिक समिक्षा (JAR) बैठक सम्पन्न भएको । बैठकले विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत आगामी वर्षको वार्षिक रणनितिक कार्यान्वयन योजना तथा वार्षिक बजेट तथा कार्यक्रमका बारेमा विस्तृत छलफल गरी समझदारी पत्र (Aide memoire) तयार गरेको । सो समझदारी पत्रमा उल्लेख भएका प्रमुख विषय क्षेत्रमा पहुँच र समता, गुणस्तर, शैक्षिक लगानी, उत्तरदायित्व, संस्थागत क्षमता, शिक्षक विकास र व्यवस्थापन तथा विद्यालय सुरक्षा जस्ता विषयहरु रहेका थिए । छलफलको अधिकांश समय आगामी वर्षको (२०७१।०७२) बजेट सम्बन्धी समस्यामा केन्द्रित भएको थियो ।

## ४. सूचना समन्वय शाखा

यस शाखाले तेस्रो चौमासिक अवधिकमा खासगरी तल उल्लिखित कार्यहरु सम्पन्न गरेको थियो :

- पत्र पत्रिकाका press क्लिपबाट प्राप्त महत्वपूर्ण सूचना सम्बन्धित शाखामा पठाउने गरिएको ।
- सामुहिक रूपमा संचार मन्त्रालयमा हुने प्रेसमिट कार्यक्रममा शिक्षा सम्बन्धी समाचार संप्रेसण गर्ने गरिएको ।
- सामयिक रूपमा पत्रकारहरूबाट सोधिएका जिज्ञासाहरूका समाधान गर्ने गरिएको र माग भए अनुसारका सूचनालाई सम्बन्धित शाखाको समन्वयमा संकलन र सम्प्रेषण गर्ने गरेको ।

## ५. विद्यालय सम्पत्ति व्यवस्थापन शाखा

यस शाखाबाट मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायका नाममा नेपाल राज्यभर दर्ता कायम भएका जग्गा, जमिन, भवनको संख्यात्मक विवरण र जिल्ला शिक्षा कार्यालय अन्तर्गत सञ्चालित सामुदायिक एवम् संस्थागत विद्यालयका जग्गा, जमिन र भवन लगायत कोठाको यकिन संख्याको संख्यात्मक विवरण उपलव्ध गराउन सबै कार्यालयहरूलाई पत्राचार गरिएको ।

## ६. जनगुनासो व्यवस्थापन शाखा

क) प्रधानमन्त्री तथा मन्त्रपरिषद्को कार्यालय जनगुनासो व्यवस्थापन शाखाबाट २०७१ जेष्ठ १ देखि मसान्तसम्म अनलाइन मार्फत प्राप्त जनगुनासोसँग सम्बन्धित कारवाहीको प्रगति विवरण सङ्ख्या ७२ मध्ये ७२ ओटा नै फछर्यौट गरिएको ।

ख) शिक्षा मन्त्रालय र मातहतका कार्यालयहरूमा शिक्षा प्रशासन सम्बन्धी गुनासाहरूका अतिरिक्त पाठ्य पुस्तक उपलब्धता सम्बन्धी राहत कोटाका शिक्षकले महंगी भत्ता नपाएको सम्बन्धी जिज्ञासाहरू तथा विभिन्न विभागीय कार्यालयहरू क्षेत्रीय शिक्षा निर्देशनालयहरू तथा जिल्ला शिक्षा कार्यालयहरूमा पत्राचार तथा टेलिफोनबाट समस्या समाधानका लागि निर्देशन दिइएको र सम्बन्धित निकायबाट जानकारी लिई गुनासोकर्तालाई जानकारी गराइएको ।

ग) मन्त्रालयका सचिव र केन्द्रीय निकायका प्रशासनिक प्रमुखबाट प्राप्त निवेदन नभएको ।

घ) सेवाग्रही पुरस्कार नभएको ।

## ७. शासकीय सुधार तथा निरीक्षण शाखा

मिति २०७० चैत्रदेखि असार महिनासम्मको प्रगति विवरण

- ➢ विभिन्न जिल्ला शिक्षा कार्यालयहरूको अनुगमन र निरीक्षण गरिएको (जिल्ला शिक्षा कार्यालय रूपन्देही, रसुवा, म्याग्दी, पर्सा, अर्घाखाची, रामेछाप, रूकुमको अनुगमन र निरीक्षण गरिएको )
- ➢ नेपाल सरकारको मिति २०७१।३।५ को सचिवस्तरीय निर्णयअनुसार तराईका ८ जिल्लाहरू क्रमशः बारा, सर्लाही, सिरहा, पर्सा, महोत्तरी, सप्तरी, रौतहट र धनुषा जिल्लाको अनुगमन र निरीक्षण गरी शिक्षा मन्त्रालयमा प्रतिवेदन पेस गरिएको । यसैका आधारमा ३०५ विद्यालय बन्द र ९० विद्यालय गाभ्ने सिफारिस जिल्ला शिक्षा समितिबाट प्राप्त भई २०७१ असारसम्म रू. ३,१३,६८,४७०।- राजस्व जिल्ला शिक्षा कार्यालयमा जम्मा भएको ।
- ➢ २०७० चैत्रदेखि २०७१ असारसम्म ५६ ओटा उजुरीहरूको कारवाही प्रक्रिया अगाडि बढाई छानबिन र लगतकट्टा एवम् पत्राचार गरिएको ।

## ८. युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले Local Initiatives for Climate Change Education (Localize) स्थानीय अग्रसरतामा जलवायु परिवर्तन शिक्षा लघु परियोजना विगत केही वर्षदेखि केही सामुदायिक विद्यालयहरूमा स्थानीय विद्यालहरूकै अग्रसरतामा तथा कम खर्चमा विद्यालय र विद्यार्थिहरूको सिर्जनात्मक परिचालन मार्फत् विद्यालय तथा समुदायको वातावरणीय अवस्थामा सुधार ल्याउने कार्यमा सहयोग पुऱ्याउन स्थानीय अग्रसरतामा जलवायु परिवर्तन शिक्षा "Localize-Local Initiatives for Climate Change Education" लघु परियोजना संचालन गर्दै आएको छ। यो प्रयासबाट जलवायु परिवर्तन न्यूनीकरण, हरित विद्यालय तथा वातावरणीय सरसफाई सचेतानामा उल्लेख्य सहयोग पुगेको देखिन्छ । विद्यार्थी परिचालन मार्फत जनचेतना कार्यक्रम तथा डायरी र अभिलेख व्यवस्थापन, अन्तर विद्यालय अवलोकन एवं विरूवा साटासाट कार्यक्रम, विद्यालय प्लाष्टिक निषेधित क्षेत्र घोषणा र आचार संहिता कार्यान्वयन, मासिक भित्ते समाचार प्रकाशन,बाल क्लबको सक्रियतामा सिर्जनात्मक क्रियाकलापहरूको श्रृखला लगायतका कार्यक्रमहरू स्थानीय विद्यालयहरूको अग्रसरतामा संचालित कार्यक्रमहरू सफलरूपमा संचालित छन् ।

सामुदियक विद्यालयहरूले शिक्षक तथा विद्यार्थी परिचालनमार्फत वातावरणीय सरसफाइ, हरेक विद्यालय कार्यक्रममा समेत संचालन गरेका छन् जसले गर्दा स्थानीयस्तरमा जलवायु परिर्वतन र सोको न्यूनीकरणका लागि स्थानीय विद्यालय मार्फत समुदायमा राम्रो सन्देश गएको देखिन्छ ।

# मलेसियाको शिक्षा प्रणाली र संरचना

–खगराज बराल
कार्यकारी निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र

नेपाल सरकारको निर्णयानुसार युनेस्को काठमाडौंको आयोजनामा सङ्घीय शासन प्रणालीमा शिक्षा सम्बन्धी अवलोकन भ्रमणका लागि २०७० चैत ३० गतेदेखि २०७१ बैशाख ६ गतेसम्म मलेसियाको अध्ययन अवलोकन गर्ने अवसर प्राप्त भयो । सो अध्ययन अवलोकनका क्रममा मलेसियाको सङ्घीय राज्य प्रणालीमा शिक्षा प्रणाली सम्बन्धमा प्राप्त जानकारीलाई लिपिबद्ध गरी यहाँ प्रस्तुत गरिएको छ ।

निर्वाचित राजतन्त्र, केन्द्र नियन्त्रित सङ्घीय शासन प्रणाली, राष्ट्रियताप्रति अधिक श्रद्धा, केन्द्रबाट नियुक्त स्थानीय सरकारका पदाधिकारी, केन्द्रद्वारा सञ्चालित विद्यालय र विश्व विद्यालय, राष्ट्रिय र राष्ट्रिय प्रकारका सरकारी अनुदान प्राप्त विद्यालय, चीनिया र तमिल भाषाका विद्यालय, मले भाषाका साथसाथै अङ्ग्रेजी भाषालाई महत्त्व दिइएको शिक्षा नीति, उच्च दक्षता हासिल गरेका विद्यालय (High Performing School) (HPS) को व्यवस्था, सरकारद्वारा सञ्चालित ठूला र पूर्ण आवासिय विद्यालय, धार्मिक शिक्षामार्फत् मानव मूल्य, आध्यात्मिक तथा आत्मिक कुराको शिक्षण, मलेसिया एजुकेसन ब्लु प्रिन्टको महत्त्वकाङ्क्षी योजना मलेसियाको शासन प्रणाली र शिक्षा प्रणालीमा केही अनुपम कुराहरू हुन् । मलेसियन शिक्षाको मुख्य ध्येय व्यक्तिका अन्तर्निहित संभावनालाई प्रस्फुटन गरी सर्वाङ्गीण विकासका लागि बौद्धिक, आध्यात्मिक, संवेगात्मक र शारीरिक पक्षको समन्वयात्मक र सन्तुलित विकास गर्दै ईश्वरप्रति आस्था र विकासप्रति प्रतिबद्ध नागरिक उत्पादन गर्नु रहेको छ ।

मलेसिया सङ्घीय शासन प्रणाली भएको राजतन्त्रात्मक मुलुक हो । यस देशमा शिक्षा सङ्घीय सरकारको जिम्मेवारीमा पर्दछ । सन् २०१३ पूर्व उच्च शिक्षाका लागि उच्च शिक्षा मन्त्रालय र अन्यका लागि शिक्षा मन्त्रालय भए पनि २०१३ मा दुई मन्त्रालयलाई गाभेर एउटै मन्त्रालय बनाइएको थियो । शिक्षा नीति समिति (Education Policy Committee-EPC) शिक्षा क्षेत्रको नीति निर्माण र निर्णय गर्ने सरकारको उच्चस्तरीय निकाय हो । संसद नै सरकारबाट सिफारिस गरिएका शिक्षा सम्बन्धी नीतिहरूको अन्तिम निर्णय गर्ने निकाय हो । शिक्षा मन्त्रालयले केन्द्रीय शिक्षा नीति तर्जुमा गर्न, नीति कार्यान्वयनमा समन्वय र अनुगमन गर्न, केन्द्रीय पाठ्यक्रम विकास गर्ने, पाठ्यांश तोक्ने, परीक्षा सञ्चालन गर्ने जस्ता कामको सिफारिस गर्ने काम गर्दछ । शिक्षालाई केन्द्रीय सरकारको जिम्मेवारी राखिएको भए पनि हरेक राज्यमा शिक्षा विभाग रहने गरेको छ । राज्यस्तरका शिक्षा विभाग आफैमा स्वायत्त छैनन् । यी विभागहरूले शिक्षा मन्त्रालयको प्रत्यक्ष निर्देशनमा आफ्नो क्षेत्रमा शिक्षा सम्बन्धी कामको समन्वय गर्ने गर्दछन् । राज्यस्तरमा रहेको शिक्षा विभाग शिक्षा मन्त्रालयको क्षेत्रीय अङ्ग जस्तो देखिन्छ । यसले केन्द्रीय सरकारबाट जारी भएका नियम, कानुन, निर्देशिका, कार्यक्रम, बजेटलाई राज्य सरकारले अक्षरशः कार्यान्वयन गर्नु पर्छ । जिल्ला तहमा जिल्ला शिक्षा कार्यालय रहन्छ । यसले विद्यालय र राज्य शिक्षा विभागबिच सम्बन्ध सेतुको काम गरेको हुन्छ । स्थानीय तहमा विद्यालयहरूसँग प्रत्यक्ष सम्पर्क गर्ने काम जिल्ला शिक्षा कार्यालयमा रहेको छ । विद्यालय तहमा प्रधानाध्यापक वा प्राचार्यले विद्यालय शिक्षाको व्यवस्थापनको जिम्मेवारी लिने गर्दछन् । प्राथमिक विद्यालयको प्रमुखलाई प्रधानाध्यापक र माध्यमिक विद्यालयको प्रमुखलाई प्राचार्य भन्ने प्रचलन छ । प्रधानाध्यापक वा प्राचार्यलाई वरिष्ठ सहायकहरूले सहयोग गर्दछन् भने विद्यालयको वरिष्ठ शिक्षकलाई प्रभावकारी शिक्षण सिकाइमा समन्वय गर्न मुख्य स्रोत शिक्षक (Key Teacher) का रूपमा नियुक्त गरिन्छ ।

मलेसियाको विद्यालय शिक्षाको संरचना (६–३–२) रहेको छ । पूर्व विद्यालय शिक्षालाई विद्यालय शिक्षाको संरचनामा राखिएको छैन । प्राथमिक शिक्षा कानुनद्वारा नै अनिवार्य बनाइएको छ । सरकारले ११ वर्षको (प्राथमिक र माध्यमिक)

शिक्षा निःशुल्क उपलब्ध गराएको छ । ११ वर्षको निःशुल्क शिक्षा पुरा गरेका व्यक्तिहरू स्वतः उच्च शिक्षामा प्रवेश गर्न पाउँदैनन् । विश्व विद्यालय शिक्षा प्रवेशको तयारीको लागि माध्यमिक शिक्षापश्चात १ देखि २ वर्षको उत्तर माध्यमिक शिक्षा (Post Secondary Education) अध्ययन गर्न सक्ने व्यवस्था छ ।

४ वर्ष उमेर पुगेका बालबालिकालाई पूर्व विद्यालय  मा भर्ना गरिन्छ । यो ६ वर्ष उमेरसम्म पनि उपलब्ध हुन्छ । सुरुआतको निश्चित नियम कानुन छैन । पूर्व विद्यालयको कुनै निश्चित पाठ्यक्रम र नियम कानुन छैन । यस्तो शिक्षा निजी क्षेत्रबाट उपलब्ध गराइन्छ । कहीं कहीं त धार्मिक समूह र सरकारीस्तरबाट पनि पूर्व विद्यालय शिक्षा उपलब्ध गराइन्छ । प्राथमिक शिक्षा ६ वर्षको उमेर पुगेपछि हरेक वर्षको जनवरी १ देखि बालबालिकालाई विद्यालय शिक्षाको पहिलो वर्षमा भर्ना गरिन्छ । यो शिक्षा ६ वर्षको हुन्छ । कक्षोन्नतिका लागि विद्यार्थीहरूको प्राज्ञिकस्तर हेरिदैंन । प्राथमिक शिक्षालाई राष्ट्रिय विद्यालय, राष्ट्रिय प्रकारका विद्यालय (चीनिया र तमिल), धार्मिक विद्यालय, निजी विद्यालय, विशेष शिक्षा विद्यालय, अन्य कार्यक्रमका विद्यालय (नमुना विद्यालय) बाट प्रदान गरिन्छ । प्राथमिक तहको शिक्षाको समाप्तिमा प्राथमिक विद्यालय मूल्याङ्कन परीक्षण सञ्चालन हुन्छ । ५ वर्षको माध्यमिक शिक्षा हुन्छ । यो शिक्षा १३ वर्षदेखि १७ वर्षसम्मका बालबालिकाहरूले प्राप्त गर्दछन् । यस शिक्षालाई ३ वर्षको निम्न माध्यमिक (Lower Secondary) र २ वर्षको उच्च माध्यमिक (Higher Secondary)  गरी दुई चरणमा बाँडिएको छ । निम्न माध्यमिक तहको समाप्तिमा प्राज्ञिकतर्फ निम्न माध्यमिक परीक्षण र व्यावसायिकतर्फ मलेसियन सिप प्रमाणीकरण परीक्षा सञ्चालन गरिन्छ । माध्यमिक तहको शिक्षाको प्रमाणीकरणका लागि यस तहको समाप्तिमा प्राज्ञिकतर्फ मलेसियन शिक्षा प्रमाणीकरण र व्यावसायिकतर्फ मलेसियन व्यावसायिक प्रमाणपत्र सार्वजनिक परीक्षापश्चात प्रदान गरिन्छ । माध्यमिक तहमा सहकार्यकलापलाई अनिवार्य गरिएको छ । हरेक विद्यार्थीले निम्नतम् २ ओटा सहकार्यकलापमा सहभागी हुनु पर्ने प्रावधान रहेको छ । सहकार्यकलापलाई माध्यमिक तहमा अनिवार्य बनाइएको छ । हरेक विद्यार्थीले कम्तीमा २ ओटा सहकार्यकलापमा सहभागी हुनै पर्छ । विद्यार्थीको प्रतिभा प्रस्फुटनका लागि नियमित रूपमा प्रतिस्पर्धात्मक कार्यक्रम आयोजना गरिन्छन् ।

उत्तर माध्यमिक शिक्षा पुरा गरेका १८ वर्ष उमेरपछिका व्यक्तिहरू उच्च शिक्षामा प्रवेश पाउनका लागि योग्य हुन्छन् । उच्च शिक्षा प्राज्ञिक तथा आर्थिक क्षमतामा आधारित हुन्छ । उच्च शिक्षामा सरकारी र निजी क्षेत्र दुवैको लगानी रहेको छ । उच्च शिक्षामा सरकारी अनुदान धेरै छ । शिक्षाको तहअनुसार सरकारले उपलब्ध गराउने अनुदान प्राथमिक तथा माध्यमिक शिक्षामा ९५ प्रतिशत र उच्च शिक्षामा ६० प्रतिशत रहेको छ । शिक्षामा राष्ट्रिय बजेटको १६ प्रतिशत रकम छुट्याइएको छ । विद्यालय तहको शिक्षाको दुई सेमेष्टरमा शैक्षिक सत्र विभाजन गरिएको छ । सरकारी विद्यालयहरू र सरकारद्वारा अनुदान प्राप्त गर्ने विद्यालयहरूले राष्ट्रिय पाठ्यक्रम र राष्ट्रिय परीक्षा प्रणाली अबलम्वन गर्नु पर्दछ । मले र अङ्ग्रेजी भाषा सबै विद्यालयमा अनिवार्य गरिएको छ । केन्द्रीय (सङ्घीय) सरकारले विद्यालय शिक्षामा हुने कुल खर्चको ९५ प्रतिशत र विश्व विद्यालय शिक्षामा हुने खर्चको ६० प्रतिशत खर्च व्यहोर्ने गरेको छ । केन्द्रीय आयोगमार्फत शिक्षक छनौटको काम हुने गर्छ । शिक्षक शिक्षाको पाठ्यक्रम देश व्यापी एउटै रहेको छ । शिक्षक हुनाका लागि स्नातक तह पुरा गरेको हुनु पर्छ । शिक्षकले अनिवार्य रूपमा मले भाषाको भाषिक दक्षता प्रमाणपत्र पेस गर्नु पर्छ । हरेक शिक्षकले निरन्तर पेसागत विकाससँग सम्बन्धी विषयमा प्रति वर्ष ७ दिनको तालिम लिनु पर्ने अनिवार्य व्यवस्था छ । ७ दिनको मागमा आधारित तालिमको सहजकर्ता सम्बन्धित विद्यालयको प्रधानाध्यापक हुने गर्छ । शिक्षक तालिम र नियुक्तिका सम्पूर्ण काम शिक्षा मन्त्रालयको कार्य क्षेत्रभित्र पर्दछ । अति प्रतिभाशाली शिक्षकका लागि उत्कृष्ट शिक्षकको प्रावधान राखिएको छ । द्रुत प्रणालीमा पदोन्नति हुने पनि व्यवस्था छ । शिक्षकको मुख्य काम पठन पाठन हो । पठन पाठनबाहेक अन्य काममा सहभागी हुँदैनन् । विद्यालय तहको विद्यार्थी शिक्षक अनुपात १३:१ रहेको छ ।  साक्षरतामा हेर्दा महिला र पुरुषहरू ९५ प्रतिशत साक्षर छन् । मलेसियामा विद्यालय शिक्षामा पुरुषभन्दा महिला शिक्षकको सहभागिता बढी रहेको छ । विद्यालयहरूका लागि राष्ट्रिय मुख्य नतिजाका क्षेत्रहरू तोकिएका छन् । उच्च दक्षता प्रदर्शन गर्ने  विद्यालयले शिक्षा मन्त्रालयले तोकेका सूचक अनुसार प्रगति गरेमा थप अनुदान प्राप्त गर्दछन् । सन् २०१४ मा उच्च दक्षता हासिल गरेका विद्यालय (High Peforming School-HPS) १५० पुगेका छन् । यस्ता विद्यालयलाई स्वायत्तता दिने गरिएको छ ।

मलेसियाका १६ ओटा राज्य मध्ये मेलाका एक हो । नमुनाका रूपमा हेर्दा मेलाका राज्यको शिक्षाको स्थिति यस किसिमको

छ । यस राज्यको शिक्षा विभाग अन्तर्गत ३ ओटा जिल्ला पर्दछन् । २०१४ को तथ्याङ्क अनुसार जसिन जिल्लामा प्राथमिक तहका ६६ विद्यालय, १,६६१ शिक्षक र १५,८८७ विद्यार्थी छन् भने माध्यमिक तहका १८ विद्यालय, १,२७२ शिक्षक र १३,९३८ विद्यार्थी छन् । तेन्गाह जिल्लामा प्राथमिक तहका ९२ विद्यालय, ३,७८७ शिक्षक र ५२,३७७ विद्यार्थी छन् भने माध्यमिक तहका ३८ विद्यालय, ३,२४० शिक्षक र ४१,८७५ विद्यार्थी छन् । अन्य दुई जिल्लामा पनि यस्तै किसिमको तथ्याङक रहेको छ ।

नेपाल सङ्घीय शासन प्रणाली अपनाउने तरखरमा छ । सङ्घीयताका आआफ्ना नमुना हुने गर्दछन् । सबै र सधैं एउटै किसिमको नमुना कामयावी हुन सक्दैन । मलेसियाले सङ्घीयताको आफ्नै नमुनाको अभ्यास गरेको छ । मिल्दो उद्दीपकमा समान प्रतिक्रिया जनाउने युक्ति सङ्गत नै हुने गर्छ । कतिपय सिकाइलाई स्थानान्तरण गर्न सक्ने अवस्था देखिन्छ । सबल तथा सक्षम राजनीतिक नेतृत्व, नेतृत्वप्रति आम विश्वासका कारण मलेसिया विकासको गतिमा अगाडि बढिरहेको छ । शिक्षाप्रतिको लगानी, विद्यालय सञ्चालनका विधि, राष्ट्र भाषा र अन्तरराष्ट्रिय भाषाप्रतिको लगाव, आत्मिक तथा आध्यामिक शिक्षामार्फत सत्कर्म र इमानप्रतिको झुकाव, पर्यावरण र विकासको संयुक्त नमुनाबाट सिक्नु पर्ने विषय हुन् ।

# वैदेशिक अध्ययनमा जान चाहने विद्यार्थीहरूका लागि अत्यन्त जरुरी सूचना

स्वदेश तथा विदेशस्थित शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि शैक्षिक परामर्श सेवा, भाषा शिक्षण, पूर्व तयारी कक्षा सञ्चालन र सोबापत विद्यार्थीसँग लिने शुल्क तथा ती संस्थाहरूबाट विद्यार्थीलाई प्रदान गरिने सेवा, सुविधासमेतलाई व्यवस्थित र सरलीकृत गर्ने गराउने प्रयोजनका लागि यस मन्त्रालयद्वारा 'शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०६८' जारी भई कार्यान्वयनमा रहेको छ ।

सो निर्देशिकाबमोजिम माथि उल्लिखित क्षेत्रमा सेवा सञ्चालन गर्न शिक्षा मन्त्रालयबाट अनिवार्यरूपमा स्वीकृति लिनुपर्ने साथै उक्त निर्देशिकाको परिच्छेद ४ को दफा ७ मा सेवासम्वन्धी प्रचारप्रसार गर्ने सम्वन्धमा समेत व्यवस्था रहेको छ । हाल विभिन्न विदेशी शिक्षण संस्थाहरुले शिक्षा मन्त्रालयको कुनै जानकारी र स्वीकृतिविना नै काठमाडौं उपत्यकालगायतका स्थानमा Admission Centre/Information Centre/Regional Office/Admission Office/Contact Office/ Liaison Office आदिका नामबाट परामर्श सेवा सञ्चालन गर्ने, 'Spot Admission' भनी व्यक्तिगत सम्पर्क ठेगाना र मोबाइल नम्बर उल्लेख गरी Free Visa/Free Ticket/Scholarships/Discounts जस्ता आकर्षक र भ्रामक शब्दावली राखी पत्रपत्रिकामा विज्ञापन प्रकाशन गर्ने तथा निर्देशिकामा भएको व्यवस्था विपरित विनास्वीकृति विभिन्न नाममा शैक्षिक मेला र प्रदर्शनी सञ्चालन गर्ने कार्यहरू हुने गरेका पाइएकाले यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । त्यस्ता कार्यबाट विद्यार्थी तथा अभिभावकहरू ठगीलगायत विभिन्न प्रकारका समस्यामा परेका र पर्नसक्ने हुँदा विनास्वीकृति अनधिकृतरूपबाट हुने गरेका माथि उल्लिखित कार्यहरू नगर्न र नगराउन सम्वन्धित सबैमा अनुरोध छ । साथै, विद्यार्थी तथा अभिभावकहरूले पनि अनधिकृत र भ्रामक प्रचारका पछि नलागी आफूले अध्ययन गर्न र गराउन चाहेको संस्थाको वैधानिकता, तह र विषयको मान्यता र समकक्षता सम्वन्धी आधिकारिकता बुझेर मात्र सेवा लिनहुन अनुरोध गरिन्छ ।


| प्रधान सम्पादक | सम्पादक समूह | प्रकाशक |
|---|---|---|
| श्री सूर्यप्रसाद गौतम | श्री कर्णबहादुर भुवाजी<br>श्री लाजवन्ती दाहाल<br>श्री मैया कुमारी श्रेष्ठ | नेपाल सरकार, शिक्षा मन्त्रालय<br>अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखा<br>शैक्षिक सूचना व्यस्थापन शाखा<br>सिंहदरबार, काठमाडौं |

फोन नं. : ०१-४२००३८७, फ्याक्स नं.: ०१-४२००३४०

ईमेल : infomoe@moe.gov.np वेबसाइट : www.moe.gov.np